दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ७३ | बुटवल | २०८२ फागुन २९ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday March 13, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


# बढ्दै मिर्गौला रोगी : हरेक वर्ष तीन हजार जनाको मृत्यु

**लुम्बिनी संवाददाता**
*बुटवल*




नेपालमा मिर्गौला रोग सार्वजनिक स्वास्थ्यको गम्भीर चुनौती बन्दै गएको छ । विश्व स्वास्थ्य संगठनको प्रक्षेपणअनुसार हाल नेपालमा करिब ३० लाख मानिस दीर्घकालीन मिर्गौला रोगबाट प्रभावित छन् । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार कूल जनसंख्याको १० प्रतिशतमा मिर्गौला रोगको समस्या देखिने विश्व स्वास्थ्य संगठनको प्रक्षेपणअनुसार नेपालमा करिब ३० लाख जनसंख्यामा मिर्गौलाको समस्या छ । ग्लोबल बर्डेन अफ डिजिज (जीडीबी) ले सन् २०१९ मा निकालेको तथ्यांकअनुसार सन् १९९० मा नेपालमा ७ लाख २६ हजार ८९७ मात्रै थियो ।

करिब तीन दशकमा मिर्गौला रोगी दुई गुणाभन्दा बढी बढेका छन् ।

नेपालमा वयस्क जनसंख्यामा करिब ६ प्रतिशत मानिसमा दीर्घकालीन मिर्गौला रोग पाइन्छ । सरकारी तथ्यांकअनुसार हरेक वर्ष ३ हजार बढी नेपालीको मिर्गौला फेल हुने गरेको छ ।

विशेषज्ञहरूका अनुसार जीवनशैलीमा आएको परिवर्तन, मधुमेह, उच्च रक्तचाप, मोटोपना र ढिलो गरी रोग पहिचान हुनु जस्ता कारणले नेपालमा मिर्गौला रोगीको संख्या तीव्र रूपमा बढिरहेको छ ।

हरेक वर्ष देशभरमा ३ हजार जनाले मिर्गौला रोगकै कारण मृत्युवरण गर्छन् । मिर्गौलाको महत्वपूर्ण काम भनेको ज्यादामात्रामा पानी जम्मा भएर हुनसक्ने खराबी नियन्त्रण गर्ने, रक्तचापको सन्तुलन गराउने, रगत (आरबिसी)को उत्पादन हो । जानकारहरुका अनुसार मिर्गौलाले पानीको नियन्त्रण नगर्दा फोक्सोमा धेरै पानी जम्मा भएपछि बिरामीको निधन हुन्छ ।

**हरेक वर्ष बढ्दै गम्भीर बिरामी**

मिर्गौला रोग विशेषज्ञहरूका अनुसार नेपालमा हरेक वर्ष करिब ४ हजारजति नयाँ मिर्गौलाका बिरामी थपिने अनुमान गरिएको छ ।

मिर्गौला फेल भएपछि बिरामीलाई नियमित डायलाइसिस वा प्रत्यारोपण (ट्रान्सप्लान्ट) आवश्यक पर्छ । तर देशमा यस्तो उपचार सुविधा सीमित भएकाले धेरै बिरामीले समयमै उपचार पाउन सकिरहेका छैनन् ।

नेपालमा हाल ६० हाराहारी डायलाइसिस केन्द्र सञ्चालनमा रहेको विभिन्न अध्ययनले देखाएका छन् । तर अधिकांश सेवा काठमाडौं उपत्यकामा केन्द्रित छन्, जसका कारण दुर्गम क्षेत्रका बिरामी उपचारबाट वञ्चित हुने अवस्था छ ।

सरकारले केही वर्षदेखि मिर्गौला रोगीका लागि निःशुल्क डायलाइसिस र प्रत्यारोपण सहयोग कार्यक्रम सञ्चालन गर्दै आएको छ । सरकारले प्रत्यारोपणका लागि प्रति बिरामी करिब ५ लाख ५० हजार रुपैयाँसम्म सहयोग प्रदान गर्ने व्यवस्था गरेको छ ।

तर स्वास्थ्य विज्ञहरूका अनुसार वास्तविक आवश्यकता र उपलब्ध सेवाबीच अझै ठूलो अन्तर रहेको छ । सरकारले दिने रकम पनि लामो समयसम्म अस्पतालहरुलाई भुक्तानी नदिंदा उपचार सेवा प्रभावित भएको र कतिपय अस्पतालले आर्थिक भार थेग्न नसकेर सेवा नै बन्द गर्न वाध्य हुने स्थिति छ ।

**विशेषज्ञ चिकित्सकको अभाव**

नेपालमा मिर्गौला रोग उपचार गर्ने विशेषज्ञ चिकित्सक (नेफ्रोलोजिस्ट)को संख्या निकै कम छ । विभिन्न तथ्यांकअनुसार देशभर करिब ५०-६० जना मात्रै विशेषज्ञ चिकित्सक उपलब्ध छन् । देशभर करिब ६० वटा डायलाइसिस केन्द्र र ५७० जति डायलाइसिस मेसिन रहेको अनुमान छ । हालकरिब चार हजार बिरामी मात्रै नियमित डायलाइसिसमा छन् । यो तथ्यांकले देखाउँछ कि उपचार आवश्यक पर्ने मिर्गौला बिरामीको ठूलो हिस्सा सेवा बाहिर छ ।

यसका कारण ग्रामीण तथा दुर्गम क्षेत्रमा मिर्गौला रोगको पहिचान र उपचार झन् कठिन बनेको छ ।

**खर्चिलो उपचार, गरिब बिरामीको पीडा**

मिर्गौला रोग नेपालमा आर्थिक रूपमा पनि महँगो रोग मानिन्छ । एक बिरामीलाईहप्तामा २-३ पटक डायलाइसिस गर्नुपर्ने, प्रत्येक पटक ४ घण्टासम्म समय खर्चेर डायलासिस गर्नुपर्ने हुन्छ ।

सरकारले निःशुल्क डायलाइसिस कार्यक्रम सुरु गरे पनिमेसिन अभाव, लामो अवधि प्रतीक्षा, औषधि खर्चजस्ता समस्याका कारण धेरै बिरामीले उपचार निरन्तर गर्न नसकेको देखिन्छ ।

सबैभन्दा ठूलो समस्या भनेको नेपालमा मिर्गौला रोगको आधिकारिक राष्ट्रिय तथ्यांक नै नहुनु हो । यकिन तथ्यांक नहुंदा वास्तविक बिरामी संख्या,मृत्यु दर,उपचारको पहुँचबारे स्पष्ट नीति बनाउन कठिन भएको विशेषज्ञ चिकित्सकहरू बताउँछन् ।

विशेषज्ञ चिकित्सक डा. कायस्थका अनुसार यदि तत्कालनियमित स्क्रिनिङ कार्यक्रम,मधुमेह र रक्तचाप नियन्त्रण, ग्रामीण क्षेत्रमा डायलाइसिस सेवा विस्तार, वैदेशिक रोजगारीमा स्वास्थ्य सुरक्षाजस्ता कदम नचालिए नेपालमा मिर्गौला रोग आगामी दशकमा ठूलो जनस्वास्थ्य संकट बन्न सक्छ ।

**वैदेशिक रोजगारीमा गएका युवामा पनि जोखिम**

अध्ययनहरूले विदेशमा रोजगारीमा गएका कामदारहरूमा समेत मिर्गौला रोगको जोखिम बढिरहेको देखाएका छन् । अत्यधिक गर्मीमा काम, पानीको अभाव र स्वास्थ्य परीक्षणको कमीका कारण डायलाइसिस वा प्रत्यारोपण गर्ने बिरामीमध्ये करिब ३१ प्रतिशत ४० वर्षभन्दा कम उमेरका वैदेशिक रोजगारीबाट फर्केका युवा रहेको एक अध्ययनले देखाएको छ ।

गौतमबुद्ध सामुदायिक मुटु अस्पताल बुटवलका मिर्गौला रोग विशेषज्ञ डा. रजत कायस्थका अनुसार अनुसार मिर्गौला रोगबाट जोगिनका लागिनियमित स्वास्थ्य परीक्षण, मधुमेह र रक्तचाप नियन्त्रण,पर्याप्त पानी सेवन, धूम्रपान र मदिराको सेवन नगर्ने र स्वस्थ जीवनशैली अपनाउन अत्यन्त आवश्यक छ । रोग ढिलो पहिचान हुनु नेपालमा मिर्गौला फेल हुने मुख्य कारणमध्ये एक भएको डा. कायस्थ बताउंछन् ।

**लुम्बिनी प्रदेशमा १८८३ बिरामी डायलाइसिसमा**

तथ्यांकअनुसार लुम्बिनी प्रदेशभरि हाल करिब १८सय ८३ जना बिरामी नियमित डायलाइसिस सेवा लिइरहेका छन् । तीमध्ये करिब ५५० जना बिरामीले गौतमबुद्ध सामुदायिक मुटु अस्पतालमै डायलाइसिस गराइरहेको अस्पतालका प्रमुख प्रशासकिय अधिकृत कमल भण्डारीले बताए ।

लुम्बिनी प्रदेशभरि मिर्गौला रोगीहरूको सम्पूर्ण र एकीकृत तथ्यांक भने अझै उपलब्ध छैन । स्वास्थ्य निर्देशनालय लुम्बिनीको तथ्यांक अनुसार प्रदेशमा १८ सय ८३ जना छन् भन्ने मोटामोटी तथ्यांक रहेको छ ।

सबै अस्पतालसँग समन्वय गरेर एकीकृत तथ्यांक तयार गर्ने योजना बनाइएको निर्देशनालयले जनाएको छ । प्रदेश स्वास्थ्य मन्त्रालयका प्रवक्ता नोदनारायण चौधरीले पूर्ण तथ्यांक उपलब्ध नभएको स्वीकार गरे ।

यसैबिच रुपन्देहीस्थित गौतमबुद्ध सामुदायिक मुटु अस्पतालले विश्व मिर्गौला दिवस २०२६ विभिन्न सचेतनामूलक कार्यक्रमसहित मनाएको छ । कार्यक्रममा चिकित्सक, उद्योगी, सामाजिक क्षेत्रका प्रतिनिधि तथा सर्वसाधारणको सहभागिता रहेको थियो ।

कार्यक्रमका लुम्बिनी प्रदेशका पूर्व स्वास्थ्य मन्त्री विष्णु पन्थीले मिर्गौला रोगलाई बेवास्ता गर्दा स्वास्थ्यमा थप चुनौती भएको बताए । उनले समयमै रोग पहिचान र उपचारको पहुँच विस्तार गर्न राज्यले थप पहल गर्नुपर्ने उल्लेख गरे ।

## विष्णु र विश्वदीपबिच वाम ध्रुवीकरणबारे छलफल



बुटवल । नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेल र नेपाली कम्युनिस्ट पार्टीका युवा नेता विश्वदीप पाण्डेबिच पछिल्लो समसामयिक राजनीतिबारे छलफल भएको छ । दुबैजना रुपन्देही २ बाट उम्मेदवार रहे पनि पराजित भएका थिए । भेटवार्तामा एमाले उपाध्यक्ष पौडेल र नेकपाका केन्द्रीय सदस्य पाण्डेबिच चुनावको नतिजा र कम्युनिस्ट पार्टीहरू कसरी वृहत् ध्रुवीकरण गरेर अघि बढ्न सकिन्छ भन्ने विषयमा छलफल भएको हो ।

भेटका क्रममा कम्युनिस्ट, वामपन्थी, प्रगतिशील र अग्रगामी शक्तिहरूका बिचमा सहकार्य र ध्रुवीकरण गरेर जाने विषयमा गम्भीर छलफल भएको युवा नेता पाण्डेको भनाइ छ ।

फागुन २१ गते सम्पन्न निर्वाचनमा रास्वपाले देशैभर करिब दुईतिहाई मत ल्याएपछि पुराना राजनीतिक दलहरू आन्तरिक समीक्षा गरिरहेका छन् । यहीबेला एमालेका उपाध्यक्ष र नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डका विश्वासपात्र मानिने पाण्डेबिच भेट भएको हो । वार्तामा देशका सबै वामपन्थी र प्रगतिशील दललाई पुनः एक ठाउँमा कसरी ल्याउन सकिन्छ भन्नेबारे समेत छलफल भएको पाण्डेले बताए । पाण्डेका अनुसार सबै कम्युनिष्ट पार्टीका पाका शीर्ष नेताहरुलाई सम्मानजनक बिदाई गरेर संरक्षक वा सल्लाहकारको भूमिकामा राख्ने राख्ने, पार्टीको नेतृत्व र सबै कमिटीमा युवा तथा महिलाको सशक्त प्रतिनिधित्व गराउने, पार्टी सरकारमा जाँदा प्राप्त अवसरहरु योग्यता, क्षमताको आधारमा सबैलाई न्यायोचित वितरणको ग्यारेन्टी गर्ने, नेताहरु सांसद, मन्त्री, प्रधानमन्त्री, राष्ट्रपति, सभामुख, उप-सभामुख कतिपटक बन्न पाउने भन्ने विधानमै स्पष्ट व्यवस्था गर्ने र पार्टीको नाम कम्युनिष्ट भन्दा समाजवादी राखेर जाँदा २०७४ को जस्तै पहिलो राजनीतिक शक्ति बन्ने सम्भावना रहेको कुरा आफूले एमाले उपाध्यक्षलाई सुझाव दिएको नेता पाण्डेले बताए ।

## सबै ठीक छ महाराज : बासुदेव

बुटवल । नेकपा एमालेका नेता बासुदेव घिमिरेले आफ्नो पार्टीभित्र देखिएको प्रवृत्तिलाई पञ्चायती नेताहरुसँग तुलना गरेका छन् ।

सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेख्दै उनले व्यवस्था ढलिरहँदा पनि पञ्चहरुले राजालाई सबै ठीक छ भन्ने सूचना दिने गरेको उल्लेख गरेका छन् । 'पञ्चायत ढल्दै थियो, तर पञ्चहरुको रटान उही- सबै ठीक छ, महाराज ।'- घिमिरेले लेखेका छन् ।

रुपन्देही-३ बाट उम्मेदवार रहेका घिमिरेले रास्वपाका उम्मेदवारसँग नराम्रो पराजय बेहोरे । तिलोत्तमा नगरपालिकाका पूर्व मेयर र ०७९ मा रुपन्देही-५ बाट निर्वाचित सांसद घिमिरेले गत निर्वाचन अघि एमाले परित्याग गरेको निर्णय लिएका थिए ।

तर उनलाई फर्काएर रुपन्देही-३ को टिकट दिइएको थियो । निर्वाचन हारेपछि घिमिरेले लेखेको यस्तो स्टाटसमार्फत् एमाले शीर्ष नेताहरुले राजनीतिक परिस्थिति बुझ्न नसकेको व्यंग गरेको बुझ्न सकिन्छ ।

## कालोसूचीमा पर्ने प्रावधानबारे अध्ययन भइरहेको छ : गभर्नर

बुटवल । नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले राष्ट्र बैंकले वित्तीय कारोबार गर्दा कालोसूचीमा पर्ने प्रावधानका विषयमा अध्ययन गरिरहेको बताएका छन् ।

वीरगञ्जमा आयोजित कार्यक्रममा उनले कालोसूचीमा राख्ने प्रावधानको विषयमा आफूले गम्भीरतापूर्वक अध्ययन गरिरहेको बताए ।

'चेक ब्याउन्स हुने बित्तिकै कालोसूचीमा राख्ने विषयमा पनि हामीले अध्ययन गरिरहेका छौं,' उनले भने-'कालोसूचीमा पर्नेहरुको सूची छोटो कसरी बनाउने विषयमा लागिरहेका छौं । चेक बाउन्स र बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका धेरै मानिस कालोसूचीमा पर्ने गरेको देखिएको छ । कालोसूचीमा राख्नुपर्ने कति हुन् । कालोसूचीमा नराख्नुपर्ने कति हुन् भन्ने विषयमा हामीले हेरिराखेका छौं ।'

यसको बारेमा विस्तृत रूपमा हेरिरहेको उनको भनाइ छ ।

गभर्नर पौडेलले धेरै कडाइ गरेर वा थुनेर मात्रै व्यापार/व्यवसाय मात्रै नभएर मुलुक पनि नचल्ने पनि बताए । 'व्यवसाय भनेको कलेज पढाएर मात्रै पुग्ने रैन्छ । त्यो व्यापार हुनका लागि विभिन्न खालका हन्डर र ठक्कर खाएपछि मात्रै व्यवस्थित ढङ्गले अघि बढ्ने हुँदा पनि त्यसलाई व्यवस्थित गराउनेतर्फ अग्रसर हुन जरुरी छ,' उनले भने-'व्यवसायीलाई गाली गरेर मात्रै मुलुकको विकास नहुनेतर्फ पनि ध्यान दिन जरुरी छ । त्यसैले व्यवसायीलाई प्रवर्द्धन गरेर अघि बढाउन जरुरी छ ।'

गभर्नर पौडेलले व्यवसाय गर्न खोज्नेले एक पटक गल्ती गर्दैमा दुःख दिन नहुने बताए । फरक प्रसङ्गमा गभर्नर पौडेलले डिजिटल प्रविधिमा आधारित सूचना प्रविधि उद्योगलाई प्रोत्साहन गर्ने नीति अङ्गिकार गर्दै आइरहेको बताए । उनले भविष्यमा ठूलो सम्भावना बोकेको क्षेत्र भएकाले पनि सूचना प्रविधि क्षेत्रलाई प्रथामिकतामा राख्दै आइरहेको बताए ।

'भविष्यमा पनि सूचना प्रविधि उद्योगहरू धेरै वृद्धि हुन्छ भन्ने अपेक्षा राखेका छौं,' उनले भने-'हामीले बैंक तथा वित्तीय संस्थालाई पनि डिजिटलाइजेसनतर्फ अघि बढ्नका लागि अनुरोध गर्दै आइरहेका छौं ।'

गभर्नर पौडेलले विगतमा वीरगञ्जमा फोटो स्टुडियो र गाडीको वर्कसप तथा ग्यारेज सेन्टरहरू पर्याप्त भए पनि अहिले तिनीहरू क्रमशः कम हुँदै गइरहेको पनि बताए ।

'अहिले धेरैजसो व्यवसाय डिजिटल प्लेटफर्ममा अघि बढिरहेका छन् । त्यसैले अब उद्यमी तथा व्यवसायले नयाँतर्फ पनि आफूलाई परिवर्तन गर्दै लैजान जरुरी भइसकेको छ,' उनले भने-'समयानुकूल आफ्नो व्यवसायको डिजिटल रणनीति तयार पारेर अघि बढ्नुपर्ने बेला भइसकेको छ । पक्कै पनि यहाँहरूले सोतर्फ ध्यान दिइरहनुभएकै होला ।'

नेपालका आइटी कम्पनीलाई विदेशीमुलुकमा लगानी गर्नका लागि पनि सहज वातावरण बनाउँदै आइरहेको दाबी उनको छ ।

## बलात्कारपछि हत्या भएकी इनिसाको न्यायका लागि प्रदर्शन




बुटवल । बलात्कारपछि हत्या भएकी सुर्खेतकी १६ वर्षीया इनिसा विकको न्याय माग गर्दै काठमाडौंमा विरोध प्रदर्शन भएको छ ।

काठमाडौंको माइतीघर मण्डलामा बिहीबार उनको न्याय माग गर्दै प्रदर्शन भएको हो । प्रदर्शनमा सहभागीहरूले 'इनिसा विकलाई न्याय दे, बलात्कारीलाई फाँसी दे, जात व्यवस्था मुर्दावाद, बलात्कारीलाई कारबाही गर, पितृसत्ता मुर्दावाद,' लगायतका नारा लेखिएको प्लेकार्ड बोकेका छन् ।

उक्त घटनाको थप अनुसन्धान भने केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) ले गर्ने भएको छ । सुर्खेत प्रहरीले बुधाबार उक्त घटनाको थप अनुसन्धानका लागि सीआइबीसँग सहयोग मागेको थियो ।

प्रहरी निरीक्षकको कमान्डमा ब्यूरोको विज्ञ टोली शुक्रबारसम्म वीरेन्द्रनगर आइपुगेको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता एवंम डीएसपी मोनजंग बुढा थापाले जानकारी दिए ।

प्रहरीका अनुसार हालसम्म परिवारजनले बालिकाको शव बुझ्केका छैनन् ।

गुर्भाकोट-६, बडाखोली स्थायी घर भएकी इनिसाको फागुन २३ गते बिहान वीरेन्द्रनगर-४, शहीद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बलात्कारपछि हत्या भएको थियो । मृतकको सामूहिक बलात्कारपछि हत्या भएको भन्दै मृतकका आफन्तहरूले फागुन २५ गते जिल्ला प्रहरी कार्यालय सुर्खेतमा उजुरी दिएका थिए ।

घटनामा संलग्न रहेको आरोपमा प्रहरीले चार जनालाई पक्राउ गरेको छ । पक्राउ परेकाहरू चारै जना १८ वर्षमुनिका रहेको डीएसपी बुढथापाले जानकारी दिए । सुर्खेत प्रहरीले फागुन २३ गते दिउँसो नै एक १६ वर्षीय किशोरलाई पक्राउ गरेको थियो । थप अनुसन्धानका लागि फागुन २४ गते अरू तीन जनालाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको प्रहरीले जनाएको छ ।




२०८२ फागुन २९, गते शुक्रबार
Friday March 13, 2026

दैनिक लुम्बिनी

## सम्पादकीय

# बजार अनुगमनलाई प्राथमिकता देऊ

चुनावलगत्तै बजारमा दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि भएको छ। उपभोग्य वस्तुको एकाएक मूल्यवृद्धि भएपछि उपभोक्ता मारमा परेका छन् । चुनाव सम्पन्न भयो, नयाँ सरकार आएको छैन, यही हो मौका भन्ने मनस्थितिमा व्यापारी पुगेका छन् । बजारमा मौलाएको अराजकता नियन्त्रण संघीय सरकार नभए पनि सम्भव छ ।

संविधानले पालिकाभित्रको बजार अनुगमन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय तहको उप-प्रमुख र उपाध्यक्षको नेतृत्वमा अनुगमन समिति हुने व्यवस्था छ। उप्रमुख र उपाध्यक्षको संयोजकत्वमा रहने समितिले बजारको नियमित अनुगमन गर्ने जिम्मेवारी पाए पनि स्थानीय तहले अनुगमनलाई प्रमुख कार्यसूची बनाएर अनुगमन गर्न सक्छन् । पालिकाभित्रको बजारलाई चुस्त र व्यवस्थित गर्नका लागि अनुगमनको अधिकार कार्यान्वयन गर्दा संघीयताको मर्म स्थापित हुन्छ ।

पाालिकाले नियमित अनुगमन गर्न नसक्नुमा स्थानीय तहमा जनशक्तिको अभाव राख्ने विषयलाई बेवास्ता गर्न मिल्दैन । जनशक्तिको अभाव र अरु कामको चाप भयो भनेर उम्कनु भनेको बजार अनुगमन जस्तो संवेदनशील विषयमा पन्छिनु नागरिकप्रति स्थानीय सरकारको बेवास्ता हो भन्न सकिन्छ। बजार अनुगमन गरी बजारलाई लयमा हिडाउँदा नागरिकलाई प्रत्यक्ष फाइदा पुग्छ। नागरिकलाई तत्काल प्रभाव पार्ने काम गर्न पालिका नेतृत्व अग्रसर नहुनुले उनीहरुलाई नै कमजोर बनाउँछ । नियमित अनुगमन गर्दा कारबाहीमा पर्ने उद्योगी व्यापारी भड्किन्छन् भन्ने आशंकाले काम गरेको हो भने त्यो गलत हो । गलत गर्ने भड्किए भने अन्ततः पालिकावासीले राम्रै मान्छन् । सबैभन्दा ठूलो विषय नागरिकको साथ हो ।

बजार अनुगमनको काम विनियोजन भएको बजेट सक्नका लागि मात्रै गर्ने प्रवृत्तिले स्थानीय तहलाई झनै बदनाम बनाएको छ । हरेक स्थानीय तहले न्यून बजेट विनियोजन गर्ने गर्छन्, त्यही बजेट सकिएपछि बजार अनुगमन भएको पाइदैन। अनुगमनमा सहभागीलाई भत्ता हुञ्जेल गर्ने र भत्ता दिन सक्ने अवस्था नभए नहुने प्रवृत्तिले जनप्रतिनिधिको बदनाम बनाएको छ। अुनगमन नियमित काम हो। पालिकाभित्र अनुगमन गर्दा भत्ता खोज्नै पर्ने किन ? नागरिकको हितका लागि गर्ने कतिपय काम दैनिक भ्रमण भत्ताको धन्दामा मात्रै हुनुले जनप्रतिनिधिको गैरजिम्मेवारीलाई देखाउँछ । पालिकाभित्र अनुगमन गर्दा छुट्टै सेवा सुविधा खोज्नुले नागरिकप्रतिको जिम्मेवारी र दायित्वलाई भुलेको ठर्हछ। यातायातको सहज पहुँच भएका र सहजै अनुगमन गर्न सकिने बजार क्षेत्रमा बजेट नै नभए पनि अनुगमन हुनुपर्छ । पालिकाले बजार अनुगमन गर्न बेवास्ता गर्ने हो भने बजारमा चरम लापरबाही हुनेछ, जसको असर नागरिकलाई पर्छ। नियमित अनुगमन गरेर पालिकाले संविधानले प्रबन्ध गरेको अधिकारको प्रयोग गर्नुपर्छ। यो बेला स्थानीय सरकारप्रति नागरिकको भरोसा र विश्वास जगाउन अनुगमन प्रभावकारी बनाऊ ।

# दल–नेता मात्र बदलिंदैमा राज्यसत्ताको मूल चरित्र बदलिंदैन



विनबहादुर कुँवर

> अन्त्यमा मूल कुरा यो पुराना, सडेगलेको राज्य सत्ता र व्यवस्थाको आमूल परिवर्तन नगरी बन्ने दल चाहे ती जो सुकै कुनै कम्युनिष्ट, लोकतन्त्र र प्रजातन्त्रवादी यतिसम्मकि माओवादी नै किन नहुन् सबैबाट हिजो ठूलो राष्ट्रघात, जनघात र गद्दारी भयो अब पनि त्यस्तै अझ ठूलठूला राष्ट्रघात, जनघात र गद्दारी हुने निश्चित छ। यो बेलैमा सबैले बुझौं र सचेत भई यसको विरुद्ध पुनः संघर्षको लागि एकजुट हौं।

यो गएको हप्ता दुईवटा राजनीतिक घटना भएका छन् । पहिलो हाम्रो देश नेपालमा विघटित संसदीय निर्वाचन सम्पन्न भएको छ भने अर्को अमेरिका- इजराइल र इरानबिच भीषण युद्ध भइरहेको छ । यी दुवै घटनाले नेपलमा अहिले प्रत्यक्ष बहुआयमिक त्यो आर्थिक, राजनीतिक र अन्य विभिन्न खाले प्रभाव देखिन थालेको छ । त्यसको प्रभाव सकारात्मक वा नकरात्मक के हुने हो ? त्यसको विश्लेषण हुन थालेको छ । पहिलो देशकै अर्थात् सम्पन्न प्रतिनिधिसभाको निर्वाचन यसबाट बन्ने नयाँ सरकार र त्यसले लिने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति कार्यक्रमको हो ।

सर्वप्रथम यो निर्वाचन पनि त्यस्तै परम्परागत र यथास्थितिकै निरन्तरतामा सम्पन्न भएको छ। अझ भनौ आगामी २०८४ सालमा हुनु पर्ने निर्वाचन अहिले २०८२ मा नै भएको छ । कारण गत भाद्र २३ र २४ मा भएको जेनजी आन्दोलनको हो । तर यो यही चालु संविधान अनुरुप नै सम्पन्न भएको छ। यस अर्थमा पनि यसमा कुनै नौलोपना छैन । त्यसकारण पनि यसको परिणाम त्यही पुरानो परम्परा र यथास्थिति नै रहिरहनु स्वाभाविक छ। खासमा त्यो जेनजी आन्दोलनको मूल मर्म पनि यो होइन। तर केही जेनजी आन्दोलनका कथित अगुवाहरुले यसलाई अर्थात त्यही पुरानो राज्य व्यवस्था र त्यसको स्वरुपलाई स्वीकारेपछि यो सम्पन्न भएको हो । सबैलाई थाहै छ यो राज्य सत्ताको स्वरुप त्यही पुरानो सामन्ती, दलाल र नोकरशाही बुर्जुवा नै छ। यो निर्वाचनले यसको कुनै हेरफेर होइन यही सामन्ती, दलाल, नोकरशाही, पुँजीवाद वा बुर्जुवा राज्य सत्ता र व्यवस्थाकै संरक्षण, पालनपोषण नै गर्ने निश्चित छ। खाली रक्सी उही बोत्तल मात्र फरक छ। हिजो राजा पञ्चेका ठाउँमा कांग्रेस, एमाले पछि यसको ठाउँमा कांग्रेस, एमाले, माओवादी अनि अब रास्वपा घण्टी हुने भएको मात्र हो ।

आज देश-विदेशका धेरै जसो मान्छेहरुले अचम्म भएर भन्ने गरेका छन्-यो कसरी भयो ? अर्थात् रास्वपाको यो चुनावी विजय। बहुमत मात्रै होइन अझ दुई तिहाई बहुमत। यसमा कुनै अचम्मित हुनुपर्ने कारण नै छैन । भनिन्छ जसको हातमा डाढु, पनियो छ त्यसैले पहिले खान्छ र बल्ल अरुलाई खुवाउँछ। भाद्र २३ र २४ को त्यो जेनजी आन्दोलनको उत्पात। नेपाल पुलिस, प्रशासनमाथिको हमला प्रायः सबै दल नेता, कार्यकर्ता सबैको भागाभाग । तोडफोड व्यापक आगजनी र लुटपाट। तर नेपाली सेना रमिते । त्यसपछि बनेको यो सरकार र त्यसैको नेतृत्व र सक्रियतामा गराइएको यो निर्वाचन । अनि त हुन्छ अरु कसको विजय ? नेपालको यो संसदीय निर्वाचनको इतिहासमा पहिलो पटक प्रत्यक्ष सेना परिचालित गरी सेनाकै कमाण्डमा मतपत्रका बाकस ढुवानी गराउने काम भयो। जबकी त्यो जेनजी आन्दोलन र त्यसले देशव्यापी गराएको तोडफोड, आगजनी र लुटपाटमा देखिएको सेनाको भूमिका अनि त्यसैको कमाण्डमा गरिएको चुनावी रेखदेख र मतपत्र बाकसको ढुवानी यो सबैको साथमा रास्वपा त्यसमा पनि अझ बालेन शाह नेतृत्वमा भएको यो निर्वाचन नै विजयको मूल परिणाम हो। स्वयं नेपाली सेनाले भाद्र २३ र २४ पछि बालेन शाहलाई प्रधानमन्त्री बनिदिन त्यतिबेला भनेकै थियो । त्यसैले रास्वपाको यो चुनावी विजयका पछाडिको कारण बुझ्दा यो कुनै अनौठो र अस्वाभाविक हुँदै होइन। यसमा अझ पश्चिमा साम्राज्यवादी प्रभावको ठूलै भूमिका रहेको छ।

अहिले धेरैले रास्वपाको यो चुनावी विजयलाई नेपालको इतिहासमा एउटा अस्वाभाविक घटनाको रुपमा लिने गरेका छन्। यसमा पनि दुई फरकफरक दृष्टिकोणबाट हुने गरेको छ । पहिलो परम्परावादी दल कांग्रेस-एमाले, माओवादी र मधेसवादीहरुका विरुद्धको जनआक्रोश अनि अब देशमा केही हुन्छ नै भन्ने आशामा भने अर्को कतै अब नेपाल पनि सिक्किम, युक्रेन र हालै भएको इरान, इजराइल र अझ अरब मुलुकहरुमा भइरहेको आपसी भीषण युद्धको जस्तै भूमरीमा पर्ने खतराको रुपमा । यसमा जस्तो एउटा उदाहरण सिक्किमको छ । जहाँ यस्तै, निर्वाचनबाट बहुमत अझ दुई तिहाईभन्दा बढी मतका आधारमा त्यहाँको तत्कालीन नेता लेन्डुपे दोर्जेले विजय हासिल गरेका थिए । त्यसपछि उनले भारतको उक्साहाटमा सिक्किम एउटा स्वतन्त्र र सार्वभौम सत्ता सम्पन्न मुलुकलाई भारतमा विलय गराइदिए । त्यस्तै अर्को उदाहरण युक्रेन जहाँ अहिले रुस, युक्रेनबिच युद्ध चलिरहेको छ । त्यहाँ पनि यस्तै चुनावबाट एउटा हास्यकलाकार जेनेस्कीले अत्यधिक विजय हासिल गरे।

त्यसपछि उनले पनि अमेरिकी र युरोपियन मुलुकको उक्साहाटमा नेटो सदस्य राष्ट्र बन्न खोज्दा त्यसमा रुसको आपत्ति पछि अहिले गत तीन वर्षदेखि त्यहाँ पनि रुस, युक्रेनबिच भीषण युद्ध चलिरहेको छ । हजारौं मारिएका छन् । लाखौं घरबाहिरविहीन भई शरणार्थी भई बसेका छन्। अर्को हालै चलिरहेको इरान, इजरायल अनि अरब मुलुकबिचको यो युद्धमा अमेरिकी साम्राज्यवादले इराकविरुद्ध गरेको भीषण आक्रमण र यसबाट उत्पन्न यो विश्व राजनीतिको मोडबारे सबैलाई छलङ्गै थाहा भइसकेको छ । कतै अति लोकप्रयता अनि यसैको आधारमा भएका यस्ता निर्वाचन र त्यसको परिणामले हाम्रो देशमा पनि हामी नेपाली सबैको भविष्य यस्तै मोडिदै त छैन ? यो गम्भीर चिन्ताको विषय होइन र ? यस अर्थमा पनि यो रास्वपाका नेता बालेन, रविको लोकप्रियता र यो उनीहरुको चुनावी विजय र यसको परिणामलाई लिन पनि सकिन्छ। अब आगामी दिनहरुले अझ बढी यो बताउँदै जानेछन्।

स्वयं नेपालमा नै पनि यस्ता चुनावी परिणाम नभएका होइन। २०१५ सालमा नेपाली कांग्रेसले यस्तै दुई तिहाई बहुमत लिई सरकार बनाएकै हो। तर त्यो धेरै टिकेन। २०१७ सालमा राजा महेन्द्रको फौजी कुबाट अपदस्त भयो । त्यस्तै २०४५/०४६ सालको जनआन्दोलनको सफलता पछि ने.का.ले यस्तै बहुमतको सरकार बनायो । आ-आफ्नो दलीय किचलोले गर्दा त्यो पनि धेरै टिकेन । त्यस्तै २०६२/०६३ सालको माओवादी जनयुद्धपछि यस्तै निर्वाचनबाट माओवादी ठूलो पार्टी बन्यो, तर यो पनि धेरै टिकेन । पछि दिनप्रतिदिन यो पनि खिइदै अब खाली नेकपाको नाममा विसर्जनको डिलमै पुगिसकेको छ । पछि एमाले र माओवादीबिचको एकतापछि बनेको पार्टीको चुनावी संख्या पनि यस्तै दुई तिहाईकै हाराहारीमा रहेको थियो । तर यो पनि टिकेन । त्यस्तै अब पनि यो रास्वपाको यो बहुमत पनि कति टिकाउ होला ? शंका गर्ने ठाउँ प्रशस्तै देखिन्छ। तै पनि छिट्टै रास्वपाको यो नयाँ सरकार बनोस्, हाम्रो शुभकामना नै छ।

यसका साथै हाम्रा केही प्रश्न र सुझाव उनीहरुप्रति छ । पहिलो सुझाव जेनजी आन्दोलनले उठाएका सब मागहरुलाई तत्काल सम्बोधन गरियोस् । दोस्रो जेनजी आन्दोलनको क्रममा भएको हत्या, हिंसा, तोडफोड र आगजनी सबै घटनाहरुको छानबिन आयोगद्वारा प्रस्तुत प्रतिवेदनको तत्काल पुनः निष्पक्ष छानबिन गरी कार्यान्वयन गरियोस् । अब प्रश्न अमेरिकी परियोजना एमसीसी र एसपीपीबारे अब के हुन्छ ? बीआरआइप्रतिको धारणा के हो ? कालापानी, लिपुलेक र लिम्पियाधुरा आदि अब अगाडि कसरी बढ्छ ? यी सबल सबै देशको राष्ट्रियता र स्वाभिमानसँग सम्बन्धित छन् । बेला मौकामा रास्वपाका केही नेताहरुले भन्न गरे जस्तै अर्थात् हालै मात्र बाहिरिएको रवि, बालेनद्वारा भारतीय प्रधानमन्त्री मोदीलाई पठाइएको एक गोप्य पत्र अनि तत्काल यो निर्वाचनकै मुखमा अमेरिकी राजदूतले रास्वपाका नेताहरुलाई दिएको शुभकामनाअन्तर्गत आपसी दुई पक्षीय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षा चासोमा सामान दृष्टिकोण रहने भन्ने आसय व्यक्त भएको छ। यसबाट कतै बाख्रो हराएको बाघ कराएको भन्ने उखान टुक्का जस्तै सामन्जस्यता हुने त होइन ?

जे होस् यस पटक नेपाली मतदाता जनताले अझ नेपालका पुराना र परम्परावादी दलहरुलाई तिस्कार गर्दै रास्वपालाई नै रोजे । यसमा हामीलाई धेरै भन्नु छैन । जनताको चुनावी स्वतन्त्रताको कुरा हो । तर तातो ताप्केको माछो बाँच्न फडकेर फेरि भुंग्रामा भने जस्तो यो फेरि हुने हो कि ? हाम्रो चिन्ता यो हो। कुनै बेला नेपाली जनताले कांग्रेस, एमालेको विकल्पमा माओवादीलाई रोजे । त्यतिबेला पनि हामीले त्यही भन्यौ। १८ वर्षपछि बल्ल जनताले माओवादीलाई पनि बुझे। फेरि अहिले यी सबैको विकल्पमा जनताले रास्वपालाई रोजेका छन् । कतै फेरि पनि यस्तै धोका जनताले यो दलबाट पनि हुने त होइन ? निश्चित छ फेरि पनि धोका । किनभने पहिलो कुरा त यो राज्य व्यवस्था नै कहिले पनि देश र जनताको पक्षमा छैन। सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य व्यवस्था हो। जस्तो राज्य व्यवस्था त्यस्तै शासन सत्ता अनि दल नेता। सुरुसुरुमा कांग्रेस, एमाले, माओवादी सबै यस्तै लोकप्रिय थिए। सुरुमा केही राम्रा काम गरे जस्तो पनि गरे । तर विस्तारै यी सबै बदलिंदै राष्ट्रघाती, जनघाती र गद्दार बने। अहिले बल्ल जनताले बुझे । ठीक यो अब फेरि यी नयाँ भनिने दलहरु पनि विस्तार यस्तै देखिंदै जानेछ । चरित्र र स्वरुप बदलिंदैमा यो सत्ताको मूल चरित्र कुनै पनि हालतमा बदलिंदैन। मूल चरित्र र स्वरुप नै आमूल परिवर्तन बदलिनुपर्छ।

त्यसैले अन्त्यमा मूल कुरा यो पुराना, सडेगलेको राज्य सत्ता र व्यवस्थाको आमूल परिवर्तन नगरी बन्ने दल चाहे ती जो सुकै कुनै कम्युनिष्ट, लोकतन्त्र र प्रजातन्त्रवादी यतिसम्मकि माओवादी नै किन नहुन् सबैबाट हिजो ठूलो राष्ट्रघात, जनघात र गद्दारी भयो अब पनि त्यस्तै अझ ठूलठूला राष्ट्रघात, जनघात र गद्दारी हुने निश्चित छ। यो बेलैमा सबैले बुझौं र सचेत भई यसको विरुद्ध पुनः संघर्षको लागि एकजुट हौं।

# नेप्से परिसूचक २३ अङ्कले वृद्धि



काठमाडौं । यो साताको कारोबारको अन्तिम दिन बिहीबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अङ्कले वृद्धि भएको छ । नेप्से परिसूचक २३ दशमलव ८७ अङ्कले वृद्धि भइ दुई हजार ८२० दशमलव ४४ को बिन्दुमा कायम भएको हो ।

३३५ कम्पनीको चार करोड १६ लाख ८६ हजार ४०५ कित्ता सेयर एक लाख ३० हजार १५ पटक खरिदबिक्री हुँदा रु १४ अर्ब ५५ करोड १९ लाख ४६ हजार २३० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

होटल तथा पर्यटन शून्य दशमलव ३५, निर्जीवन बिमा शून्य दशमलव ०४ र अन्य समूह शून्य दशमलव ७४ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै बैङ्किङ समूह दुई दशमलव ०२ प्रतिशतले बढेको छ। विकास बैंक एक दशमलव २८, वित्त एक दशमलव ३०, जलविद्युत एक दशमलव १० र लगानी एक दशमलव १४ प्रतिशतले बढेको छ ।

त्यसैगरी जीवन बिमा शून्य दशमलव ३६, उत्पादन तथा प्रशोधन शून्य दशमलव ७३, लघुवित्त शून्य दशमलव २७ र म्युचुअल फण्ड शून्य दशमलव ४८ प्रतिशतले बढेको छ ।

सालपा विकास बैंक लिमिटेड र रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबै भन्दा धेरै गुमाउनेमा भने कुमारी सबल योजनाको सेयर मूल्य तीन दशमलव ७२ प्रतिशतले घटेको छ ।

# यी हुन् गाजर खानुका १० फाइदा



खानालाई सन्तुलित राख्नको लागि प्रोटिन, भिटामिन र मिनरल्सले भरिपूर्ण खानेकुरा खानु पर्छ ।

यदि हामी भिटामिनको राम्रो स्रोतको बारेमा कुरा गर्छौं भने गाजर निश्चित रूपमा उल्लेख गरिएको छ । गाजर एक मात्र नभएर धेरै गुणहरूले भरिपूर्ण छ र यसले शरीरलाई धेरै फाइदा पनि दिन्छ ।

यस गाजरको आवश्यकतालाई उजागर गर्न मानिसहरूलाई गाजर खान प्रोत्साहित गर्न हरेक वर्ष अप्रिल ४ मा अन्तर्राष्ट्रिय गाजर दिवस वा गाजर दिवस मनाइन्छ । अस्ती यो दिवस मनाइयो पनि ।

त्यसैले धेरै देशहरूमा यस दिन गाजर पार्टीहरू पनि आयोजना गरिन्छ । यस्तो अवस्थामा जान्नुहोस्, नियमित गाजर खाँदा शरीरलाई के फाइदा हुन्छ ।

अन्तर्राष्ट्रिय गाजर दिवस सन् २००३ देखि मनाउन थालिएको हो । गाजरको बारेमा मानिसहरूलाई सचेत गराउन र स्वास्थ्यका लागि गाजर खानु कत्तिको फाइदाजनक छ भनी जनाउने उद्देश्यले यो दिवस मनाउन थालिएको हो ।

तर, सन् २००३ पछि फ्रान्स, इटाली, स्विडेन, अस्ट्रेलिया, बेलायत, संयुक्त राज्य अमेरिका र जापानमा यो दिवस मनाउन थालेपछि सन् २०१२ मा अन्तर्राष्ट्रिय गाजर दिवस मनाउन थाल्यो ।

**यस्ता छन् गाजर खानुका फाइदाः**

गाजर पोषणको एक शक्ति हो । यसमा भिटामिन ई, फाइबर र मिनरल्स पाइन्छ । गाजर नियमित खाँदा यसले शरीरमा कस्तो असर गर्छ, जान्नुहोस् ।

**आँखाको स्वास्थ्य**

गाजरमा भिटामिन ए प्रचुर मात्रामा पाइन्छ, यसमा बिटा क्यारोटिन, ल्युटिन र जेक्सान्थिन पनि पाइन्छ । यी एन्टिअक्सिडेन्टहरूले अक्सिडेटिभ तनावलाई पनि कम गर्छ। गाजर दैनिक खाँदा राता अन्धोपनको समस्या हुँदैन ।

**पाचन स्वास्थ्य राम्रो रहन्छ**

गाजरले पेटलाई पनि फाइदा पुऱ्याउँछ । गाजरमा उच्च फाइबर पाइन्छ जसले आन्द्राको चालमा सुधार गर्छ र कब्जियतको समस्यालाई टाढा राख्छ ।

**छालाको स्वास्थ्य राम्रो रहन्छ**

गाजरले छालाको स्वास्थ्यमा सुधार ल्याउने प्रभाव पनि राख्छ। गाजरले छालालाई हाइड्रेटेड राख्छ र कोलाजेन उत्पादनमा मद्दत गर्छ ।

**तौल व्यवस्थापन**

उच्च फाइबरयुक्त खाना भएकाले गाजर खाँदा लामो समयसम्म पेट भरिपूर्ण रहन्छ। यस्तो अवस्थामा गाजरले तौल नियन्त्रणमा मद्दत गर्छ ।

**मौखिक स्वास्थ्यका लागि राम्रो**

गाजरले मुखको स्वास्थ्यमा पनि सुधार गर्ने काम गर्छ । यसको सेवनले ब्याक्टेरिया हटाउन प्रभावकारी हुने रयाल बढ्छ। यसले दाँतसम्बन्धी समस्या पनि कम गर्छ ।

**मुटुको स्वास्थ्यका लागि फाइदाजनक**

गाजरले मुटुलाई पनि फाइदा गर्छ । गाजरमा पोटासियम पाइन्छ, जसले रक्तचाप नियन्त्रण गर्न प्रभावकारी हुन्छ । यसमा पाइने एन्टिअक्सिडेन्टले मुटुलाई स्वस्थ राख्छ ।

**शरीर डिटोक्स हुन्छ**

शरीरबाट फोहोर टक्सिन बाहिर निकाल्न गाजर खान सकिन्छ। गाजर खाँदा शरिर डिटक्स हुन्छ ।

**मस्तिष्कलाई फाइदा हुन्छ**

मस्तिष्कको कार्य क्षमता सुधार गर्न गाजर खान सक्नुहुन्छ। गाजर पनि भिटामिन के को राम्रो स्रोत हो जसले मस्तिष्कको स्वास्थ्यलाई राम्रो राख्छ।

**अक्सिडेटिभ तनाव कम गर्छ**

एन्टिअक्सिडेन्ट र बिटा क्यारोटिनले भरपूर गाजरले शरीरको अक्सिडेटिभ तनाव कम गर्छ। जसले गर्दा धेरै रोग लाग्ने सम्भावना कम हुन्छ।

**रक्तअल्पता कम गराउँछ**

को समस्या भोगिरहेकाहरुका लागि गाजरको नियमित सेवन रामवाण बन्दछ । गाजरले शरीरमा रगतको उत्पादन बढाउँछ। यसमा भिटामिन ए, बी, सी, डी, इ तथा के समेत पाइन्छ। काँचो गाजर खानाले रजश्वलाका क्रममा हुने दुखाई पनि कम हुन्छ। त्यस्तै भिटामिन ए भरपूर हुनाले गर्दा आँखाको ज्योति तेज पार्नमा पनि सहयोग गर्दछ र रतन्धोबाट बचाउन मद्दत गर्छ। एजेन्सीको सहयोगमा

# ग्लोबल आइएमई बैंकद्वारा “नन् रेसिडेन्ट र ओभरसिज बैंकिङ विभाग” स्थापना



बुटवल । ग्लोबल आइएमई बैंक लिमिटेडले विदेशमा बसोबास गरिरहेका नेपालीहरुका लागि डेडिकेटेड र पूर्ण बैंकिङ सेवा उपलब्ध गराउने उद्देश्यले नन् रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागको स्थापना तथा शुभारम्भ गरेको छ।

बिहीबार बैंकमा आयोजित एक विशेष कार्यक्रमबिच बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले उक्त विभागको औपचारिक शुभारम्भ गरेका हुन्।

नेपालमै पहिलो पटक सुरु गरिएको यस विभागमार्फत् बैंकले आफ्नो अन्तर्राष्ट्रिय उपस्थिति, प्रविधि र सेवा संयन्त्रलाई एकीकृत गर्दै विश्वभर रहेका आफ्ना ग्राहकहरुलाई विशेष ग्राहयताका साथ एकद्वार प्रणालीमार्फत् सेवा प्रदान गर्नेछ।

बैंकको यस विभागबाट विदेशमा रहेका नेपालीहरुलाई सम्पूर्ण बैंकिङ सेवाहरु जस्तै बैंक खाता खोल्ने, कर्जा प्रदान गर्ने, ट्रान्जेक्सन बैंकिङ सम्बन्धी सेवाहरु प्रदान गर्ने, पुँजीबजार तथा पोर्टफोलियो व्यवस्थापनलगायतका सेवाहरू उपलब्ध गराउने छ।

विदेशमा रहेका नेपालीहरूलाई सेवा उपलब्ध गराउन बैंकले ग्राहकहरुलाई ग्राहक सेवा नम्बर, इमेल, वैदेशिक प्रतिनिधि कार्यालय तथा काठमाडौंको नक्सालस्थित यस विभागको कार्यालयमार्फत् विभिन्न सेवाहरु उपलब्ध गराउने छ। विभिन्न देशमा रहेका नेपालीहरुको सेवामा सहजीकरणका लागि बैंकले सहायता कक्ष स्थापना गरी बैंकिङ सेवा सञ्चालन गर्नेछ। बैंकले भविष्यमा यस सेवा कक्षमार्फत् ग्राहकहरुलाई २४ सै घण्टा सेवा प्रदान गर्नेछ।

सन् २००७ मा स्थापना भएदेखि ग्लोबल आइएमई बैंकले विश्वभर रहेका नेपाली आप्रवासी तथा डायस्पोराको सेवालाई निरन्तर प्राथमिकता दिँदै बैंकिङ सेवाहरु प्रदान गर्दै आइरहेको छ।

बैंकले विगत दुई दशकमा विश्वव्यापीरुपमा रेमिट्यान्स सञ्जाल विस्तार, अन्तर्राष्ट्रिय बैंकहरूसँगको सहकार्य सुदृढीकरण,संयुक्त अधिराज्य, अष्ट्रेलिया र भारतमा प्रतिनिधि कार्यालय स्थापना, आप्रवासी-केन्द्रित बैंकिङ सेवाहरुको विकास तथा विभिन्न १० देशभन्दा बढी देशमा रहेका बैंकका कर्मचारीहरुमार्फत् बैंकिङ सेवाहरु प्राथमिकतामा प्रदान गर्दै आएको छ। विदेशमा रहेका ग्राहकहरुले भौगोलिक दूरी वा भौतिक उपस्थितिको कुनै अवरोध बिना नेपालमा सहज, झन्झटरहित बैंकिङ सेवा पाउनुपर्छ भन्ने बैंकको बुझाइ रहेको छ।

विभागको औपचारिक उद्घाटन गर्दै ग्लोबल आइएमई बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले रोजगारी तथा अन्य कामको शिलशिलामा विदेशमा बसोबास गर्ने हरेक नेपाली नागरिक नेपालको विकास र प्रगतिका महत्वपूर्ण साझेदार रहेको र यस नयाँ विभागबाट बैंकले प्रदान गर्ने सेवाबाट विदेशमा बस्ने नेपालीलाई आफ्नो मातृभूमिसँग जोडिन थप सहयोग पुग्ने बताए।

“यस नन्-रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागमार्फत् ग्लोबल आइएमई बैंकले विदेशमा रहेका नेपाली नागरिकहरुलाई उहाँहरुको आवश्यकता अनुरुप पूर्ण बैंकिङ सेवाहरु प्रदान गर्ने छ। यस विभागले विभिन्न सेवामार्फत उहाँहरुको सपना, लगानी र स्वदेशमा रहेका परिवारसँग जोड्न सहयोग पुऱ्याउनेछ। नेपालीहरू जहाँ भए पनि सहज, द्रूत र पारदर्शी रुपमापूर्ण बैंकिङ सेवा प्रदान गर्ने यो हाम्रो महत्वपूर्ण प्रयास हो।”-उनले भने।

यसै अवसरमा ग्लोबल आइएमई बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले यस विभागबाट प्रदान हुने सेवाले विदेशमा बसोबास गर्ने नेपाली नागरिकलाई नेपालसँग जोडिन थप सहज हुने बताए।

“यस नन् रेसिडेन्ट तथा ओभरसिज बैंकिङ विभागमार्फत् ग्लोबल आइएमई बैंकले रेमिट्यान्स सेवाका अतिरिक्त विदेशमा रहेका नेपालीहरूलाई विदेशमा बस्दाकै बखत नेपालमा लगानी गर्न र उनीहरुको आवश्यकता तथा चाहनालाई पुरा गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्नेछ।”-उनले भने।

उनले यस पहलसँगै ग्लोबल आइएमई बैंक विदेशमा रहेका नेपाली नागरिकहरुसँग पूर्ण तथा दीर्घकालीन बैंकिङ सम्बन्ध विस्तार गर्ने नयाँ चरणमा प्रवेश गरेको जनाए।

उक्त शुभारम्भ कार्यक्रममा बैंकका सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत, वरिष्ठ व्यवस्थापकहरुको उपस्थिति रहेको थियो।

बैंकले आफूलाई अग्रणी रेमिट्यान्स साझेदार मात्र नभई नेपाली डायस्पोराका लागि भरपर्दो बैंकिङ सेवा प्रदायकका रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ।

यस विभागको कार्यालय ग्लोबल आइएमई बैंकको काठमाडौंको नक्सालस्थित केन्द्रीय कार्यालयमा रहने छ। साथै, विदेशमा बसोबास गर्ने नेपाली नागरिकहरुले नन् रेसिडेन्ट एण्ड ओभरसिज बैंकिङ विभाग मा प्रत्यक्ष फोन, इमेल वा ह्वाट्सएप वा भाइबरको माध्यमबाट सम्पर्क गरी बैंकिङ सेवा लिन सक्नेछन्।


## मध्यविन्दु नगरपालिका
### नगरकार्यपालिकाको कार्यालय
चोरमारा,नवलपरासी(ब.सु.पु.)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशन मिति : २०८२/११/२९**

यस कार्यालयबाट मिति :२०८२/१०/०८ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन पोटल एवंम राष्ट्रिय स्तरको पत्रिकामा प्रकासित बोलपत्र आह्वानको सूचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रित पुर्वक पेश हुन आएका बोलपत्रहरु खोली मूल्याकंन समितिले मूल्याकंन गर्दा निम्न बोलपत्रदाताको वोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर र पि.यस सहित ) | कैफियत |
|---|---|---|---|---|
| 1. | 12/NCB/MB/WORKS/2082/83, All WeatherAccessRoadkoRatamataKhanda Sadak Kalopatre, Madhyabindu-14 | Surayabanshi Construction , Bharatpur-11 | 71,44,822.60 | |
| 2. | 13/NCB/MB/WORKS/2082/83, Nandapur Seheri Sadak Istharunatti, Madhyabindu-02 | A.D.T.H. Construction & Suppliers Pvt.Ltd., Binayi Tribeni 02 | 79,78,243.64 | |
| 3. | 14/NCB/MB/WORKS/2082/83, Arungkhola Bajar Sadak Isthaunatti, Madhyabindu-10 | Rose Developer, Kathmandu | 91,39,120.00 | |

प्रमुख प्रशासकीय अधिकृत

**Lumbini Province Government**
**Road Infrastructure Development Office, Arghakhanchi**

## Invitation for Online Sealed Quotation

Date of Publication: 13thMarch, 2026(2082/11/29)

Road Infrastructure Development Office (RIDO), Arghakhanchi invites electronic sealed quotations from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work. All other information and Bid Document for Sealed Quotations can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

**Information to deposit the cost of bidding document (NRs: 1000) in Bank:**
Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka, Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi, Office Code No: 3370151015 (Dharauti and Rajaswa), Rajaswa Shrishak No:-14229; Rajaswa Account No.: 1000200010000, Last Date of Bid Purchase and Submission: 30th Mar, 2026 (2082-12-16)12:00 Hrs.

| SN | Name of Project/Contract No. | Estimated Amount Excl. VAT | Bid Security Validity up to 12th June 2026 |
|---|---|---|---|
| 1 | Thuldhara Dhadkhola Tharpu hudi Jherathum Road/RIDO-ARG-W-SQ-159-2082/083 | 13,79,305.72 | 35,000 |
| 2 | Tham Sahit Danda Motorbato Chhatradev-02 /RIDO-ARG-W-SQ-160-2082/083 | 6,89,539.93 | 18,000 |


# स्वच्छ तथा स्वस्थ वातावरणको हक सुनिश्चित गर्न आग्रह

काठमाडौँ। राष्ट्रिय मानवअधिकार आयोगले स्वच्छ र स्वस्थ वातावरणका सम्बन्धमा नेपालको संविधान तथा राष्ट्रिय र अन्तरराष्ट्रिय कानुनहरुले प्रत्याभूत गरेका प्रावधानहरुको कार्यान्वयन गर्न सरकारसँग आग्रह गरेको छ।

आयोगले प्रत्येक नागरिकको स्वच्छ तथा स्वस्थ वातावरणको अधिकारको सुनिश्चित गर्ने, गराउने कार्यमा थप जिम्मेवार हुन तीनै तहका सरकार, निजी प्रतिष्ठान तथा सम्बन्धित सबैमा आग्रह गरेको हो।

आयोगका प्रवक्ता डा टीकाराम भट्टराईले भने-“साथै, आफ्नो स्वास्थमा पर्नसक्ने प्रतिकूल प्रभावप्रति सचेत रहनसमेत आयोग सर्वसाधारणलाई अनुरोध गर्दछ।”

पछिल्ला वर्षमा नेपाल वायु प्रदूषित देशहरुको विश्वव्यापी सूचीको अग्रस्थानमा परिरहेको अवस्थामा यस वर्ष पनि विगत केही दिनदेखि प्रदूषण बढ्न गई मानव स्वास्थ्यमा असर पर्न पुगेको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको समेत जनाएको छ।

खडेरी, वन डढेलो, इन्धनका रुपमा ग्रामीण क्षेत्रमा काठ, दाउरा तथा गुइँठाको प्रयोग, पुराना सवारीसाधन, उद्योग, अन्तरदेशीय वायु प्रदूषण आदिजस्ता कारण काठमाडौँ उपत्यकालगायत देशभरका अधिकांश स्थानमा वायु गुणस्तरको पिएम २.५ र पिएम १० को तहमा रहेको छ।

आयोगले राष्ट्रिय तथा विश्वस्वास्थ्य सङ्गठनले निर्धारण गरेको मापदण्डभन्दा निकै उच्च रहेको तथ्याङ्क सार्वजनिक भएको भने आयोगको प्रारम्भिक अनुगमनका क्रममा नेपालमा स्थापित वायु गुणस्तर मापन गर्ने ३० वटा संयन्त्रमध्ये ११ वटा संयन्त्रले मात्रै अनलाइन ‘रिअल टाइम’ वायु गुणस्तर अध्यावधिक तथ्याङ्क दिइरहेको पाइएको जनाएको छ।

वायु प्रदूषणका कारण फोक्सोको रोग, मुटुको रोग, मस्तिष्काघात, श्वासप्रश्वास प्रणालीमा सङ्क्रमणजस्ता स्वास्थ्य समस्या हुने गरेको देखिएको छ भने नेपालमा प्रतिवर्ष २६ हजार व्यक्तिको वायु प्रदूषणका कारण मृत्यु हुने गरेको अध्ययनले देखाएको छ।

“आयोगले गरेको अनुगमनमा काठमाडौँ उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ समेत प्रभावकारी रुपमा कार्यान्वयन भएको देखिएन”, आयोगले भनेको छ-“वायु गुणस्तरसम्बन्धी कार्यक्रम दातामुखी हुनु, अध्यावधिक तथ्याङ्कको अभाव, अन्तरतह सरकार तथा अन्तरनिकाय समन्वय प्रभावकारी हुन नसक्नुजस्ता कारण वातावरण संरक्षणको कार्यमा प्रभावकारिता आउन नसकेको दखिन्छ।”


# Kawasoti Municipality
## Office of Municipal Executive
**Kawasoti-02, Nawalparasi(East of BardghatSusta), Gandaki Province, Nepal**

# Invitation for Bids

**Date of publication : 2082/11/29**

1. Kawasoti Municipality has own resources and has allocated funds towards the cost of Civil worksand intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Kawasoti Municipality invites online bids from eprocurement system from eligible bidders for the following Civil work.

| S.N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount With VAT and PS(NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Deadline of bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 16/KM/SQ/ 2082-83 | Shibasamudayik ban bhitra park Nirman | 45/90 days Sealed Bid | 1199461.83/- | 30,000.00/- | 1000/- | 2082/12/15 till 12:00 Noon | 2082/12/15at 2:00 PM |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Kawasoti Municipality.
4. Bid Document fee shall be deposited in RastriyaBanijya Bank, Kawasoti, in name of KawasotiMunicipality,Office of Municipal Executive, Revenue Acc. No.: 3200100301010003 .Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Specified date and time mentioned above at the office of Kawasoti Municipality, Nawalparasi (bardhaghatsusta east).
5. The bid security may either be in the form of a bid security issued by authorized A Class commercial bank in deposit account RastriyaBanijya Bank, Kawasoti Branch, a/c no. 3200100303000003 NPR
6. Bid Security document shall be compulsory submitted according to the format provided in the bid document, otherwise thebid shall be excluded from the bid evaluation process.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**निर्वाचन प्रहरीको बिदाइः**
प्रतिनिधिसभा निर्वाचनका लागि जिल्ला प्रहरी कार्यालय दाङमा भर्ना भएका निर्वाचन प्रहरी बिहीबार घोराहीमा आयोजित बिदाइ समारोहमा सहभागी हुँदै । तस्विर : कुलदीप न्यौपाने/रासस

# स्याङ्जाका बजारमा ग्यासको अनुगमन



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जामा खाना पकाउने ग्यासमा कृत्रिम अभाव सृजना गरी उपभोक्ता ठग्ने र कालोबजारी गर्ने सम्भावनालाई रोक्न जिल्लाका प्रमुख बजारमा स्थानीय प्रशासनले अनुगमन गरेको छ । मध्येपूर्व एसियामा अमेरिका-इजराल र इरानबिच युद्ध चलेसँगै बजारमा ग्यासको कृत्रिम अभाव हुन नदिन अनुगमन गरिएको हो ।

जिल्ला प्रशासन कार्यालयको अगुवाइमा जिल्लाका प्रमुख व्यापारिक केन्द्रका ग्यास डिलर तथा पसलहरूको अवस्थाका बारेमा जानकारी लिन स्थलगत अनुगमन गरिएको छ । अनुगमन टोलीले जिल्लाका प्रमुख बजार पुतलीबजार, राङ्खोलाला, बयरघारी, वालिङ र गल्याङ्लगायत क्षेत्रका ग्यास बिक्रेताको पसलमै गएर ग्यासको अनुगमन गरिएको छ ।

टोलीले ग्यासको मौज्दात, वितरण प्रक्रिया र मूल्यबारे जाँच गरेको प्रशासनले कार्यालयले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीको नेतृत्वमा खटिएको संयुक्त अनुगमन टोलीले सिलिन्डरको तौल, परिमाण तथा बिक्री वितरण गर्दा अनिवार्य रुपमा बिलबिजक जारी गरिएको छ कि छैन भन्ने विषयमा समेत जाँचबुझ गरेको थियो ।

जाँचबुझ तथा अनुगमनका क्रममा नियमविपरीत कारोबार गरेको भेटिएका केही डिलरलाई तत्काल दण्डजरिवाना गरिएको प्रशासनले जनाएको छ । बजार क्षेत्रका व्यवसायीलाई पनि व्यवसायी तथा व्यापारिक मापदण्ड पालना गर्न निर्देशन दिँदै सचेत गराइएको सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए ।

ग्यासको बजार अनुगमन टोलीमा एकीकृत सेवा कार्यालयका प्रमुख जीवन पौडेल, जिल्ला प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक भिमबहादुर भण्डारी मगर, जिल्ला प्रशासन कार्यालयका लेखापाल रमेश विक र नायब सुब्बा बुद्धिप्रसाद शर्मा, उपभोक्ता मञ्च स्याङ्जाका अध्यक्ष राजेन्द्र मरासिनी र पत्रकारलगायतको सहभागिता रहेको थियो ।

अनुगमनपछि सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले जिल्लामा खाना पकाउने ग्यासको अभाव नभएको दाबी गरे । युद्धलाई देखाएर कृत्रिम अभाव सृजना गर्ने, महँगोमा बिक्री गर्ने वा अनावश्यक रूपमा ग्यास थुपारेर राख्ने व्यवसायीलाई कडा कारबाही गरिने समेत उनले चेतावनी दिए ।

ग्यासको आपूर्ति श्रृंखला नियमित रहेकाले जिल्लामा तत्कालै ग्यासको अभाव नहुने जनाएको प्रशासनले उपभोक्तालाई निर्वाध रुपमा ग्यास उपभोग गर्न आग्रह गरेको छ । उपभोक्ताको हित संरक्षणका लागि जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरुमा अनुगमन गर्ने कार्यलाई नियमित र निरन्तरता दिइने जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# नेपाल अब भारत र चीन जोड्ने जीवन्त पुल : बाबुराम



बुटवल । पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले नयाँ राजनीतिक परिवर्तनसँगै नेपाल विकासको पिँधमा नरहेर विश्वसँगै द्रुत विकासमा अगाडि बढ्ने विश्वास व्यक्त गरेका छन् ।

उनले नेपाल अब भारत र चीनबिच 'च्यापिएको' देश नरही दुई ठूला अर्थतन्त्रलाई जोड्ने जीवन्त पुल बनेको बताए ।

बदलिँदो भूराजनीति र प्रविधिको विकाससँगै नेपालले आफ्नो परराष्ट्र नीतिलाई परिमार्जन गर्दै दुवै छिमेकीबाट लाभ लिनुपर्नेमा भट्टराईले जोड दिए ।

स्विडेनका पूर्वप्रधानमन्त्री फ्रेडरिक रेनफेल्ड र अस्ट्रेलियाका पूर्वप्रधानमन्त्री स्कट मौरिसनसँगै एउटै मञ्चमा आफ्ना धारणा राख्दै डा. भट्टराईले नेपालको पछिल्लो युवा जागरण र राजनीतिक विद्रोहप्रति आफू निकै गर्वित रहेको बताए ।

'नेपाल लोकतन्त्र र खुलापनको मामिलामा झन्डै सय वर्ष पछाडि परेको देश थियो । तर अहिले प्रविधि, इन्टरनेट र एआईको पहुँच हाम्रा गाउँ-गाउँसम्म पुगेको छ,' भट्टराईले भने-'यससँगै उदाएको नयाँ पुस्ताले पुरानो राजनीतिक प्रणाली र पुराना नेताहरूविरुद्ध विद्रोह गर्ने हिम्मत गरेको छ । उनीहरू देशको नेतृत्व सम्हाल्न अघि सरेका छन् र म यसमा निकै गर्व गर्छु ।'

भट्टराईले अब नेपाल विकासको पिँधमा नरहने र विश्वसँगै द्रुत गतिमा अघि बढ्ने विश्वाससमेत व्यक्त गरे ।

सम्बोधनका क्रममा डा. भट्टराईले चौथो औद्योगिक क्रान्ति, कृत्रिम बौद्धिकता र प्रविधिको विकासले राजनीतिको समग्र अवधारणालाई नै बदल्नुपर्ने आवश्यकता औंल्याए ।

उनले भने-'हामीले अहिलेसम्म अभ्यास गर्दै आएको परम्परागत प्रतिनिधिमूलक लोकतन्त्रभन्दा माथि उठ्ने बेला आएको छ । अब हामीले अनुगमनमुखी, समावेशी र सहभागितामूलक लोकतन्त्रको अभ्यास गर्नुपर्छ ।'

उनले उदारवादी, समाजवादी वा रुढीवादी लोकतन्त्रका परम्परागत भाष्यहरू एक्काइसौँ शताब्दीका चुनौतीहरू समाधान गर्न अपर्याप्त रहेको दाबी गरे ।

भारतले पछिल्ला दशकहरूमा प्रविधि र विकासमा मारेको फड्कोको प्रशंसा गर्दै भट्टराईले दक्षिण एशियाको गरिबी निवारण र समग्र क्षेत्रको रूपान्तरणका लागि नेतृत्व लिन भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई आग्रह गरे ।

भारतका प्रधानमन्त्री मोदीले अघि सारेको 'वसुधैव कुटुम्बकम्' को मान्यतालाई उद्धृत गर्दै भट्टराईले भने-'प्रविधि र सूचनाको प्रवाहले विश्वलाई निकै साँघुरो बनाएको छ । यो समय राष्ट्र-राज्यको साँघुरो घेराभन्दा माथि उठेर विश्व राजनीति र अर्थतन्त्रलाई विश्वव्यापी स्तरमा पुनर्संरचना गर्ने समय हो । यसमा भारतले नेतृत्व लिनुपर्छ ।'

उक्त सत्रमा विश्वको बदलिँदो शक्ति सन्तुलन, इन्डो-प्यासिफिक क्षेत्रको महत्त्व र प्रविधिले ल्याएको अवसर तथा चुनौतीका विषयमा तीनै जना पूर्वप्रधानमन्त्रीहरूले मन्थन गरेका थिए ।

# एमाले कास्की इञ्चार्ज थापाको निधन



बुटवल । नेकपा एमाले कास्कीका इञ्चार्ज कृष्ण थापाको निधन भएको छ । उनलाई हृदयघात भएर पोखराको मणिपाल शिक्षण अस्पतालमा लगिएको थियो ।

मनिपाल शिक्षण अस्पतालमा भर्ना गरिएका निधन भएको घटेको एमाले कास्की अध्यक्ष वैनबहादुर क्षेत्री अधिकारीले पुष्टि गरे । अस्पताल स्रोतले पनि थापाको निधन भएको जानकारी दिएको छ ।

कास्की कमिटीले चुनावी समीक्षा बैठक डाकेको थियो र थापा बैठकमै ढलेका थिए । उनी २०५४ सालमा पोखराको मेयर निर्वाचित भएका थिए । २०७४ सालमा उनी गण्डकी प्रदेशसभा सदस्य थिए भने २०७९ मा उनी पोखराको मेयर पदको निर्वाचनमा पराजित भएका थिए ।

यसपटकको चुनावमा पनि थापाले नै टिकट प्राप्त गरेका थिए । तर, पछि त्यही टिकट रश्मी आचार्यलाई दिइएको थियो ।

कास्की जिल्ला कमिटीका पूर्वअध्यक्ष थापा जेनजी आन्दोलनपछिको एमालेको महाधिवेशनमा पनि केन्द्रीय सदस्य बनेका थिए ।

# कम्बोडियाबाट १६ जना नेपालीको उद्धार




बुटवल । मानव तस्करको प्रलोभनमा परेर विभिन्न माध्यमबाट कम्बोडिया पुगेर त्यहाँको अवैध स्क्यामिङ केन्द्र, क्यासिनोहरूमा गैरकानुनी काम गरिरहेका १६ जना नेपालीको उद्धार गरिएको छ ।

थाइल्यान्डको बैंककस्थित नेपाली दूतावासले कम्बोडिया सरकार र गैरआवसीय नेपाली संघको सहयोगमा उनीहरूलाई बिहीबार नेपाल फर्काइएको जनाएको छ ।

दूतावासले विज्ञप्ति जारी गरी अलपत्र परेका वा कठिन परिस्थितमा रहेका अन्य नेपालीलाई स्वदेश फर्काउन पहल भइरहेको पनि जनाएको छ ।

'कम्बोडियामा नेपाली नागरिकहरू अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिनाभिसा वा भिसा अवधिभन्दा बढी समय बसिरहेको जानकारी यस राजदूतावासलाई प्राप्त भएको छ ।'-दूतावासले उल्लेख गरेको छ ।

# बढ्न थाल्यो तापक्रम



बुटवल । देशभरका सहरमा तीन दिनयता अधिकतम तापक्रम क्रमशः बढ्दै गएको देखिएको छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्क हेर्दा तराई तथा मधेसका धेरैजसो सहरमा तापक्रम क्रमशः बढ्दै गएको छ ।

राजधानी काठमाडौंमा फागुन २६ गते अधिकतम तापक्रम २०-२२ डिग्री सेल्सियस रहेकोमा शनिबार बढेर २४ डिग्री पुगेको थियो । बिहीबार मध्यान्हसम्म २५.४ डिग्री सेल्सियस पुगेको मा राति न्यूनतम तापक्रम भने १५-१७ डिग्रीकै हाराहारीमा रहने अनुमान गरिएको छ ।

यसैगरी मध्यान्हसम्म सबैभन्दा बढी सिराहा र बाँकेको अधिकतम तापक्रम ३१ दशमलव १ डिग्री सेल्सियस पुगेको थियो ।

सो समयमा मनाङ हुम्दे विमानस्थलको अधिकतम तापक्रम भने ३.२ डिग्री सेल्सियस रहेको थियो । विराटनगरमा ३१-३३ डिग्री सेल्सियस पुगेको अनुमान गरिएको थियो । त्यस्तै नेपालगञ्जमा भने ३०-३२ डिग्री सेल्सियस आसपास रहेको थियो ।

गण्डकी प्रदेशको पोखरामा २६-२८ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको थियो । हिमाली क्षेत्रतर्फ जुम्लामा २३-२५ डिग्री सेल्सियससम्म पुग्ने देखिएको थियो भने जोमसोममा पनि १७-१९ डिग्री सेल्सियससम्म पुग्ने अनुमान गरिएको थियो ।

समग्रमा आगामी तीन दिनमा देशका अधिकांश शहरमा दिउँसोको तापक्रम क्रमशः बढ्ने तथा मौसम सामान्यतया सफा रहने सम्भावना रहेको विभागले जनाएको छ ।विभागका मौसमविद् सञ्जीव अधिकारीका अनुसार हावाको आर्द्रता बढेसँगै तापक्रममा पनि वृद्धि भएको छ ।

आगामी दिनहरूमा देशभर क्रमशः तापक्रम बढ्दै जाने सम्भावना छ ।

# 'महिलामाथि हुने अपराधका दोषीहरूलाई कडा कारबाही होस्'

बुटवल । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले महिलामाथि हुने जघन्य अपराधका दोषीहरूलाई कडाभन्दा कडा कानुनी कारबाही गर्न राज्य संयन्त्रले तदारुकता देखाउनुपर्ने बताएका छन् ।

११६औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा आयोजित एक कार्यक्रममा बोल्दै उनले नेपाली महिलाहरू अझै पनि सुरक्षित र सम्मानित रूपमा बाँच्न पाउने आधारभूत मानव अधिकारबाट वञ्चित हुनुपरेको भन्दै चिन्ता व्यक्त गरिन् ।

समाजमा बढ्दै गएको घरेलु हिंसा, एसिड आक्रमण, यौन दुर्व्यवहार, बलात्कार तथा हत्या जस्ता घटनाहरूप्रति लक्षित गर्दै पूर्वराष्ट्रपति भण्डारीले यस्ता अमानवीय कार्यले सिंगो समाजलाई नै कलंकित बनाएको उनले बताइन् ।

अपराधीहरूले उन्मुक्ति पाउने वा कानुनी छिद्रको प्रयोग गरेर उम्कने अवस्थाको अन्त्य हुनुपर्नेमा उनले जोड दिइन् । राज्यको ध्यानाकर्षण गराउन र पीडितलाई न्याय दिलाउन नागरिक समाज र महिला अधिकारवादी संगठनहरूको भूमिका महत्त्वपूर्ण हुने उनको भनाइ छ ।

उनले भनिन्-'बलात्कार र हत्या जस्ता जघन्य अपराधमा संलग्न व्यक्तिहरू विरुद्ध हदसम्मको कानुनी कारबाही गर्न राज्यले तदारुकता देखाउनु आवश्यक छ । यसका लागि नागरिक समाज र महिला संगठनहरुले निरन्तर आवाज उठाइरहनु अपरिहार्य छ । त्यसैले आज हामीले भूमिगत राजनीतिमा संलग्न अग्रज महिलाहरुको शाहस र समर्पणबाट प्रेरणा लिँदै नयाँ पुस्तालाई समेत न्याय, समानता र स्वतन्त्रताको मार्गमा अगाडि बढाउन प्रेरित गर्नुपर्छ भन्ने मलाई लाग्दछ ।'

विगतमा महिला अधिकारका लागि लडेका योद्धाहरूको स्मरण गर्दै उनले नयाँ पुस्ताले पनि न्याय, समानता र स्वतन्त्रताको पक्षमा निरन्तर खबरदारी गरिरहनुपर्ने आवश्यकता औंल्याइन् ।


## कावासोती नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश,नेपाल
२०७३

## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८२/११/२९)

यस नगरपालिकाबाट मिति २०८२/११/०३ गतेको विद्युतीय खरिद प्रणाली र यस नगरपालिकाको वेवसाइटमा तपशिल कार्यको लागि प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्र मध्ये तल उल्लेखित दरभाउपत्र दाताको दरभाउपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्र दाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | कार्यालय | कार्य विवरण | छनौट भएको दरभाउपत्र दाताको नाम, ठेगाना | कबोल रकम मु.अ.कर सहित प्रति सि.सि.(रु.) |
|---|---|---|---|---|---|
| १ | (02/KM/SQ/082/083Goods) | कावासोती नगरपालिकाकोकार्यालय | पत्रपत्रिकामा सूचना प्रकाशन | बुलन्द मल्टीटेक्निकल मिडिया प्रा.लि. ईलाम | 196/62 |

**प्रमुख प्रशासकीय अधिकृत**



## आकर्षक डिजाइन तथा छपाई

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

## आइडिया
## डिजाइनर्स/अफसेट प्रेस

**सम्पर्क :**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com